नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमिसुधार तथा मालपोत कार्यालय, सिरहा

☎ ०३३-५२००६८

पत्र संख्या: ०८०/०८१
च.नं. ९९६

मिति: २०८०।५।१३ गते

**विषय :- सूचना टाँस गरी जानकारी पठाई दिने सम्बन्धमा ।**

श्री सिरहा जिल्ला अदालत,सिरहा ।
श्री जिल्ला प्रशासन कार्यालय,सिरहा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री ईलका प्रशासन कार्यालय, लहान सिरहा ।
श्री मालपोत कार्यालय लहान,सिरहा ।
श्री नापी कार्यालय,लहान सिरहा ।
श्री धनगढीमाई न.पा.को कार्यालय,धनगढी ।
श्री धनगढीमाई न.पा. १ नं. वडा कार्यालय,भवानीपुर ।

उपरोक्त सम्बन्धमा पुनिता देवी सहनी नाउँमा दर्ता कायम रहेको जग्गा जि.सि.गा.वि.स.नैनपुर वडा नं.९क कि.नं.२०४/२२०० को ज.वि. ०-१-२.५, ऐ.ऐ. कि.नं.२०४/२१९९ को ज.वि.०-१-२.५ र ऐ.ऐ. कि.नं.२०४/२१९८ को ज.वि.०-१-२.५ भएको जग्गाहरुमा मोही सुखन चौधरी भएकोमा निजको नाउँको मोही लगत कट्टा गरी पाउँ भनी निवेदन परेकोमा यस कार्यालयको ३५(पैतिस)दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना यसै पत्र साथ संलग्न छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयलाई जानकारी पठाई दिनुहुन अनुरोध छ ।

२०८०/५/१३

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय, सिरहा

हकदावी सम्बन्धी ३५ दिने सार्वजानिक सुचना ।

उपरोक्त सम्बन्धमा मेरो नाममा दर्ता कायम रहेका तपसिल बमोजिमको जग्गामा जि.सिरहा गा.वि.स.भवानीपुर वार्ड नं.९ मा बस्ने सुखन चौधरीको नाम मोही महलमा उल्लेख भएकोमा निज को हुन,कहाँ हुन,जिवित वा मृत्यु के भएको हो केही अतो पतो नभएको र उक्त जग्गा साविक देखि हालसम्म म जग्गाधनी स्वयंमले जोत कमोट गरी आएकोले सो जग्गाबाट मोही सुखन चौधरीको नाम लगत कट्टा गरी पाउँ भनी जि.सिरहा न.पा. धनगढीमाई वार्ड नं.१ मा बस्ने पुनिता देवी साहनीले यस कार्यालयमा द.नं.१०५८ मिति २०८०/४/१७ गतेमा मोही लगत कट्टा गरी पाउँ निवेदन/फिराद पत्र दर्ता गराएको हुँदा निवेदक/फिरादीको माग बमोजिम मोही लगत कट्टा गरी दिए कोही कसैको हक मेटिने भए यो सुचना प्रकासित भएको मितिले ३५ दिन भित्र सप्रमाण यस कार्यालयमा हकदावी गर्न आउनुहुन यो सार्वजानिक सुचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम मोही लगत कट्टा भईजानेछ पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपसिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| सिरहा | नैनपुर | ९क | २०४/२२०० | ०-१-२.५ | |
| सिरहा | नैनपुर | ९क | २०४/२१९९ | ०-१-२.५ | |
| सिरहा | नैनपुर | ९क | २०४/२१९८ | ०-१-२.५ | |

२०८०/४/१९

नायब सुब्बा